प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ७, नेपाल

धनगढी, कैलाली

पत्र संख्या: २०७४/०७५

मिति : २०७५/०२/२१

चलानी नम्बर :

## विषय : छात्राहरुलाई पुरस्कार वितरण सम्बन्धी सूचना।

यस मन्त्रालयको आ.व. २०७४।७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार २०७४ सालको माध्यमिक तह (कक्षा १२) परीक्षामा प्रत्येक जिल्लाबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्राहरुलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको हुनाले उक्त पुरस्कारमा संलग्न हुन चाहने योग्यता प्राप्त उत्कृष्ट छात्राहरुले मिति २०७५ असार ८ गते कार्यालय समयभित्र सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईमा तपसिलमा उल्लेखित मापदण्ड अनुसार निवेदन पेश गर्न हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

चेतराज पन्त

सचिव

### मापदण्ड

१. पुरस्कारमा सहभागी हुन चाहने छात्राले पुरस्कृत भएको अवस्थामा रकम जम्मा गर्नका लागि आफ्नो वा पुरस्कार रकम जम्मा गर्न मिल्ने आफ्ना अभिभावक (आमा, बुबा) को पुरा बैंक खाता नम्बर, खाता रहेको बैंकको ठेगाना र सम्पर्क मोबाइल नम्बर सहितको मन्त्रालयले तयार पारेको ढाँचामा निवेदन पेश गरेको हुनु पर्नेछ।

२. निवेदकले नियमित समुहबाट कक्षा ११ र १२ उत्तीर्ण गरेको स्पष्ट देखिने मार्कसिट वा ट्रान्सक्रिप्टको प्रतिलिपि आफैले प्रमाणित गरी पेश गरेको हुनु पर्नेछ।

३. निवेदकले सामूदायिक माध्यमिक विद्यालयमा (कक्षा ११ र १२) अध्ययन गरेको र छात्राको पारिवारिक अवस्था कमजोर रहेको भनी विद्यालयका प्रधानाध्यापक वा सम्बन्धित वडाका अध्यक्षको दस्तखत भएको सिफारिस पत्रको सक्कल निवेदन साथ संलग्न गरेको हुनु पर्नेछ।

४. जिल्लास्तरमा प्राप्त निवेदकहरु मध्ये कक्षा ११ र १२ दुवै बर्षको प्राप्ताङ्कका आधारमा सबैभन्दा बढी प्राप्ताङ्क भएको जिल्लाका उत्कृष्ट एक जना छात्रालाई निजको निवेदनमा उल्लेखित बैंक खाता मार्फत बीस हजार रुपैयाँमा नियमानुसार लाग्ने करकट्टी गरी बाँकी रकम उपलब्ध गराइनेछ।

५. निवेदकहरु मध्ये दुई वा भन्दा बढी छात्राको प्राप्ताङ्क समान देखिएमा बराबर भएका मध्ये दलित छात्रालाई पुरस्कार उपलब्ध गराइनेछ। दलित नभएमा अपाङ्गता भएका छात्रालाई उपलब्ध गराईनेछ। अपाङ्गता नभएमा जनजाति छात्रालाई उपलब्ध गराईनेछ। सो पनि नभएमा मन्त्रालयको निर्णयानुसार वितरण गरिनेछ।

६. दलित वा अपाङ्गता भएको वा जनजातिको सुविधाका लागि नेपाल सरकारले तोकेको कागजातको आफैले प्रमाणित गरी प्रतिलिपि निवेदन साथ संलग्न राखेको हुनु पर्नेछ। अन्यथा कुनै पनि हालतमा सम्बन्धित समूहको सुविधाका आधारमा निवेदकलाई छनौटमा सहभागि गराइनेछैन्।

मिति : २०७५।    ।

श्री सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ७, धनगढी, कैलाली।

मार्फत,
शिक्षा विकास तथा समन्वय इकाई
.............

विषय : उत्कृष्ठ नतिजा हासिल गर्ने छात्राहरुलाई दिइने पुरस्कारका लागि निवेदन पेश गरेको बारे।

महोदय,

त्यहाँ मन्त्रालयको मिति २०७५ जेठ २१ गते सूचना अनुसार प्रत्येक जिल्लाबाट उत्कृष्ठ नतिजा हासिल गर्ने छात्राहरुलाई पुरस्कार वितरण गर्ने कार्यक्रममा सहभागि हुनका लागि तपसिलको विवरण एवम् कागजात सहित यो निवेदन पेश गर्दछु।

निवेदक :
नाम :-.......................................................
दस्तखत :- ..................................................
ठेगाना :- गापा/नपा ........................ वडा नं.......
जिल्ला :-..............................................

**तपसिल विवरण तथा संलग्न कागजात:**

१. पुरा बैंक खाता नम्बर :-..............................................................................
२. बैंक खाता रहेको बैंकको नाम र ठेगाना :-.......................................................
३. खातावालाको नाम र ठेगाना :-.......................................................................
४. निवेदकसंगको खातावालाको नाम (आमा वा बाबुको खाता भएमा) :-...........................
५. कक्षा ११ र १२ अध्ययन गरेको विद्यालयको नाम :-...............................................
६. विद्यालयको हालको ठेगाना :- गापा/नपा ...................................... वडा नं...... जिल्ला.....................
७. संलग्न मार्कसीट वा ट्रान्सक्रिप्टको प्रतिलिपि संख्या :-...............................................
८. कूल प्राप्ताङ्क (अङ्कमा) :-............................ (अक्षरमा):-........................................
९. विद्यालय प्रधानाध्यापक वा वडाअध्यक्षको सिफारिस पत्रको च.नं. :-............... मिति :-...........................
१०. संलग्न गरेको अन्य कागजात (दलित, अपाङ्गता र जनजाति स्पष्ट हुने कागजात भएमा मात्र) :-...........................

# जिल्ला समन्वय समितिको कार्यालय, बाजुरा

Office of The District Co-ordination Committee, Bajura

☎ ५४१९३४(जि.स.प्रमुख)
५४११३५(जि.स.अ.निवास)
५४१०६९(जि.स.अ.का.)
५४१२६५(उपप्रमुख)
५४१०६८(लेखा)
फ्याक्स न. ०९७-५४१०२४(
मार्तडी (Martadi)
७ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :- २०७४/०७५/प्रशासन शाखा

चलानी नं.:- १०९८

मिति :- २०७५/०३/२०

विषय :- सूचना टाँस गरी प्रचार प्रशार गर्ने सम्वन्धमा ।

श्री बडीमालिका नगर कार्यपालिकाको कार्यालय, मार्तडी बाजुरा ।
श्री त्रिवेणी नगर कार्यपालिकाको कार्यालय, तोली बाजुरा ।
श्री बुढीगंगा नगर कार्यपालिकाको कार्यालय, कुल्देवमाण्डौ बाजुरा ।
श्री बुढीनन्दा नगर कार्यपालिकाको कार्यालय, कोल्टी बाजुरा।
श्री खप्तड छेडेदह गाउँ कार्यपालिकाको कार्यालय, डोगडी बाजुरा ।
श्री गौमुल गाउँ कार्यपालिकाको कार्यालय, घटमुना बाजुरा ।
श्री हिमाली गाउँ कार्यपालिकाको कार्यालय, धुलाचौर बाजुरा ।
श्री स्वामीकार्तिक खापर गाउँ कार्यपालिकाको कार्यालय वाई बाजुरा ।
श्री जगन्नाथ गाउँ कार्यपालिकाको कार्यालय, जुड्डी बाजुरा ।

उपर्युक्त विषयमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. ७ नेपालको चलानी नम्वर २५३ मिति २०७५।०२।२१ को प्राप्त पत्र साथ संलग्न यस मन्त्रालयको आ.व. २०७४।७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार २०७४ सालको माध्यमिक वतह (कक्षा १२) परीक्षामा प्रत्येक जिल्लाबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्राहरुलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको हुनाले उक्त पुरस्कारमा संलग्न हुन चाहने योग्यता प्राप्त उत्कृष्ठ छात्राहरुले सम्वन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईमा यसैसाथ संलग्न सूचनामा उल्लेखित मापदण्डका आधारमा निवेदन दिई सहभागि हुन पाउने भएकोले उक्त सूचना त्यहाँ जिल्ला समन्वय समिति र जिल्लाका अन्य स्थानीय तहको जानकारीका लागि पठाई दिन लेखि आएकोले व्हहोरा तहाँ गाउपालिका/नगरपालिकाबाट प्रचार प्रशार गरी यसै साथ संलग्न सूचना बमोजिमको मापदण्ड बमोजिमका छात्राहरुलाई जिल्ला विकास तथा समन्वय इकाई मार्तडी बाजुरामा निवेदन गर्ने व्यवस्थाका सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराई दिन हुन अनुरोध गरिन्छ ।

(जङ्गबहादुर थापा)
निमित्त जिल्ला समन्वय अधिकारी

बोधार्थ

श्री सामाजिक विकास मन्त्रालय
धनगढी कैलाली प्रदेश नं. ७ नेपाल ।

श्री शिक्षा विकास तथा समन्वय एकाई
मार्तडी बाजुरा ।

*नोट :- सूचना यस कार्यालयको वेवसाईटबाट पनि हेर्न सकिनेछ ।*

email: info@ddcbajura.gov.np website : ddcbajura.gov.np